## दक्षिणी पात डढुवा रोग (Southern Leaf Blight)



दक्षिणी पात डढुवा रोग *Helminthosporium maydis* भन्ने ढुसीबाट लाग्ने गर्छ। सुरुमा पातमा स-साना रातो वा खैरो थोप्लाहरू देखा पर्छन् र पछी पूरै पातलाई ढाक्छ। यो रोगले मकैको प्राय सबै भागमा असर गर्ने भएकोले घोगा परिपक्व नहुँदै झर्न थाल्छ।

### दक्षिणी पात डढुवा रोगको व्यवस्थापन

- रोग प्रतिरोधी जातहरू छनोट गर्दा पनि यो रोगबाट बच्न सकिन्छ।
- कार्बेन्डाजिम युक्त विषादी २ ग्राम प्रति केजीका दरले बीउको उपचार गर्ने।
- रोगले असर नगर्ने लहरे बालीसँग घुम्ति बाली लगाइयो भने पनि यो रोगबाट बच्न सकिन्छ।
- यो रोगको लागि अन्तिम उपाय भनेको डाईथेन एम ४५ २ ग्राम प्रति लिटर पानीमा मिसाएर ७ देखि १० दिनको फरकमा २ देखि ३ पटकसम्म छर्ने वा कृषि प्राविधिकको सिफारिसमा रासायनिक विषादी छर्ने।

## डाउनी मिल्ड्यु रोग (Downy Mildew)

डाउनी मिल्ड्यु रोग *Sclerospora sacchari/S. phillipinesis /Scleropthora ravssiaes var.zeae* भन्ने ढुसीबाट लाग्ने गर्छ। यस रोग लाग्दा पातको लम्बाई तिर रङ्ग उडेको धर्काहरु देखिन्छन्। शुरुमा धर्काहरु सेता वा हल्का पहेंला हुन्छन् पछी खैरा-पहेंला हुन्छन्। ओसिलो मौसममा पातको तल्लो सतहमा मसिनो ढुसी देखिन्छ।

बोट पुड्को हुनु, घोगा नलाग्नु, बिरुवाको आकार बिग्रनु यस रोगको मुख्य लक्षणहरु हुन्।



देखिन्छ। बोट पुड्को हुनु, घोगा नलाग्नु, बिरुवाको आकार बिग्रनु यस रोगको मुख्य लक्षणहरु हुन्।

### डाउनी मिल्ड्यु रोगको व्यवस्थापन

- रोग प्रतिरोधि जातहरूः रामपुर २, रामपुर कम्पोजिट प्रयोग गर्ने।
- स्वस्थ बीउको प्रयोग गर्ने।
- मेन्कोजेब ७५% डब्लु पी ३ ग्राम वा मेटाल्याक्सिल ८% + मेन्कोजेब ६४% मिश्रित विषादी २ ग्राम प्रति केजीका दरले बीउको उपचार गर्ने ।


**प्रकाशक**

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**
फोन नं.: ०८१-५३००२७/५३०२२५
Email : akcbanke@gmail.com
Website : akcbanke.gov.np
आ.व. २०८०/८१




# मकैमा लाग्ने मुख्य रोगहरु र तिनको व्यवस्थापन

## डाँठ कुहिने रोग (Stalk Rot)



डाँठ कुहिने रोग विभिन्न किसिमका ढुसी जस्तैः *Pythium spp, Fusarium spp, Erwinia spp* बाट लाग्ने गर्छ। यो रोग लाग्दा बोटहरू ओइलाउने र पातहरू पानीले भिजेको जस्तै हुन्छ र त्यसपछि जमिन भन्दा एक बित्ता माथिको भागमा खैरो रंगको लामो धर्का जस्तो लक्षण बढ्दै गएर जरैसम्म कुहिएर जान्छ । कुहिने प्रक्रिया तलबाट माथि सर्दै जान्छ। कुहिएको डाँठ गनाउँछ र बोट ढलेर जाने र मर्ने समस्या देखिन्छ।

### डाँठ कुहिने रोगको व्यवस्थापन

- रोग/कीरा प्रतिरोधि जातहरूः रामपुर पहेंलो, रामपुर कम्पोजिट, हेटौडा कम्पोजिट, सर्लाही सेतो, मनकामना १, ३, देउकी आदि छनोट गर्ने र रोग लाग्ने सम्भावना भएको ठाउँमा छिटो पाक्ने जातको मकै लगाउने।
- बालीमा मलखादको प्रयोग सन्तुलित मात्रामा गर्ने।
- रोगले असर नगर्ने लहरे बालीसँग घुम्ति बाली लगाइयो भने पनि रोगबाट बच्न सकिन्छ।
- सहि समयमा उचित बीउ दर प्रयोग गरी उचित दुरीमा बीउ रोप्दा बालीमा लाग्ने रोग कम गर्न सकिन्छ।

- रोगले ग्रषित बिरूवाहरू उखेलेर नष्ट गरिदिने।
- रोगी बिरुवा र ठुटाहरु जम्मा गरेर जलाउने।
- अन्तिम हतियारको रुपमा रासायनिक विषादी जस्तै डाईथेन एम ४५ २ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्दा रोगको एक हद सम्म रोकथाम गर्न सकिन्छ।

## मकैको घोगा र दाना कुहिने रोग (Cob and Kernel Rot)



मकैको घोगा र दाना कुहिने रोग *Fusarium graminearum/ Fusarium verticilliodes* भन्ने ढुसीबाट लाग्ने गर्छ। यो रोगले मकैको सुरुको अवस्थामा पात पहेँलिने र पात सुक्ने लक्षण देखाउँछ। यो रोगले घोगा अथवा दाना गुलाबी वा रातो रंगमा परिवर्तन भएर कुहिन्छ।

### मकैको घोगा र दाना कुहिने रोगको व्यवस्थापन

- रोग प्रतिरोधी जातहरुः गणेश २, मनकामना १ आदि प्रयोग गर्ने ।
- ट्राईकोडर्मा ६ ग्राम वा कार्बेन्डाजिम ५०% डब्लु पी २ ग्राम वा कार्बोक्सिन १७.५% + थिराम १७.५% मिश्रित विषादी २ ग्राम प्रति केजी बीउको दरले बीउको उपचार गरी बीउ रोप्ने।
- मकैलाई घाम लागेको दिनमा मात्र भित्र्याउनु पर्छ।
- समयमा नै मकै छर्नु पर्छ ताकी मकै भित्र्याउँदा पानी पर्ने समस्याबाट बच्न सकिन्छ।
- भित्र्याएको मकैलाई भण्डारण गर्नु भन्दा अगाडी ३-४ दिन घाममा सुकाउनु पर्छ।
- रोगको प्रकोप अत्याधिक हुने क्षेत्रमा डाइथेन एम ४५ विषादी घोगा लाग्ने बेला बोटमा छर्ने।

## ध्वाँसे थेग्ले रोग (Gray Leaf Spot)



ध्वाँसे थेग्ले रोग *Cercospora zeae maydis* भन्ने ढुसीबाट लाग्ने गर्छ। सुरुमा सानो पहेँलो थोप्लो जस्तै देखिन्छ, पछि बढ्दै जाँदा यो थोप्लोको आकार बढेर पातको नशासँगसँगै बढ्दै जान्छ। यो देखा परेका थोप्लाहरूले पछि हुँदा पातलाई नै मार्छ र यो रोगले ग्रषित पातहरूमा ढुसी हुने भएकोले सामान्यतया पातहरू खैरो रंगको देखिन्छ।

### ध्वाँसे थेग्ले रोगको व्यवस्थापन

- रोग हावाको माध्यमबाट सर्ने भएकोले खेतमा र खेत नजिकै भएका झारपात निकालेर सफा गर्नुपर्छ।
- समय भन्दा अगाडी रोपेको मकैमा भन्दा पछि रोपेको मकैमा यो रोग बढी लाग्ने भएकोले यो रोगबाट बच्नको निम्ति मकै लगाउने समय भन्दा हल्का अगाडी रोप्ने र धुम्ति बाली अपनाउने।
- सहि समयमा उचित बीउ दर प्रयोग गरी उचित दुरीमा बीउ रोप्दा बालीलाई यो रोगबाट बचाउन सकिन्छ।
- रोगले असर नगर्ने लहरे बालीसँग घुम्ति बाली लगाइयो भने यो रोगबाट बच्न सकिन्छ।
- रोग प्रतिरोधि जातहरुः गणेश १, मनकामना १, ३ वा ६, देउती वा हिलपुल पहेंलो आदिको खेती गर्ने।
- २० ग्राम प्रति के.जी दरमा ट्राईकोडर्माको प्रयोग गरेर बीउको उपचार गर्नुपर्छ।
- रोगको देखा पर्ने बित्तिकै कार्बेन्डाजिम ५०% डब्लु पी १ ग्राम वा मन्कोजेव ७५% डब्लु पी ३ ग्राम प्रति लिटर पानीका दरले मिसाई छर्ने ।

## टर्सिकम ब्लाइट रोग (Turcicum Leaf Blight)

टर्सिकम ब्लाइट रोग *Setosphaeria turcica* वा *Exserohilum turcicum* भन्ने ढुसीबाट लाग्ने गर्छ। यो रोग लागेका पातमा डुङ्गा जस्ता आकारका थोप्लाहरू देखिन्छन् र पछि यि थोप्लाहरू एक आपसमा जोडिंदा रोग लागेको पात डढेको जस्तो देखिन्छ।



### टर्सिकम ब्लाइट रोगको व्यवस्थापन

- रोग प्रतिरोधि जातहरू प्रयोग गर्ने।
- रोगले ग्रषित बिरूवाहरू उखेलेर नष्ट गर्ने।
- रोगले असर नगर्ने लहरे बालीसँग घुम्ति बाली लगाइयो भने पनि यो रोगबाट बच्न सकिन्छ।
- ट्राईकोडर्मा ६ ग्राम प्रति के.जी अथवा थिराम ७५% ई.सि २ ग्राम प्रति केजी बीउको दरले बीउको उपचार गर्ने।
- रोगको प्रकोप अत्याधिक हुने क्षेत्रमा अन्तिम विकल्पको रुपमा रासायनिक विषादी कृषि प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्ने।